# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु तिर्थराज थापामगर भन्ने तीर्थराज थापामगर, खगेन्द्र साउद, नविन साउद, राजेन्द्र बहादुर वि.क., राजेन्द्र बहादुर साउद, जंग बहादुर बुढा, डम्म ब. बुढा र तुली देवी बुढा मु.नं (०८१-CR-००७५)<br>फैसला मिति २०८२।०३।११ | किम्नी खोला ट्रस पुल निर्माणमा गैरकानुनी लाभ हानी पुर्‍याई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• जिल्ला बाजुरा त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोला ट्रस पुल निर्माणको लागि आ.ब. २०७४।०७५ र २०७५।०७६ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने गरी किम्नी खोला ट्रस पुल निर्माण उपभोक्ता समिति गठन भएकोमा आयोगको कार्यालय, कंचनपुरका इन्जिनियर रामाशिष साहले स्थलगत निरीक्षण गरी पेस गरेको प्रतिवेदनमा तोकिएको गुणस्तर बमोजिम नभएको, ग्याविन बक्स कार्य निर्धारित गुणस्तर भन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी स्वीकृत दिने कार्य गरेको, Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works, Steel Parts and Cement L.S. Transportation को कम काम भएकोमा नापी किताबमा बढी परिमाण भएको भनी चढाईएको, मनासिव कारण बिना निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार परिवर्तन गर्ने, निर्धारित सर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गर्ने, गराउने र त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित/स्वीकृत गरी झुट्टा नापी सम्बन्धी बिल बनाई भुक्तानी लिने/दिने कार्यमा सिफारिस गर्ने, ढुवानी कार्यको लागि तयार भएको किम्नी खोला ट्रस पुलको थप लागत अनुमानमा स्टील ट्रसको अस्वाभाविक परिमाण राखी पुष्ट्याईंको आधार बिना अस्वाभाविक किसिमबाट बढी लागत अनुमान तयार गरी जम्मा रु.४,३१,४८६।६४ (अक्षरेपि चार लाख एकतीस हजार चार सय छयासी रुपैयाँ चौसट्ठी पैसा) बराबर रकम बढी भुक्तानी दिए लिएको देखिएबाट उक्त भ्रष्टाचारजन्य कसुरमा संलग्न प्रतिवादीहरू **त्रिवेणी नगर कार्यपालिकाको कार्यालयका तत्कालीन इन्जिनियर नविन साउद र सब इन्जिनियर राजेन्द्र बहादुर वि.क.को हकमा** निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ख), (ग) र (ङ) बमोजिमको कसुर भएको हुँदा बिगो रु.४,३१,४८६।६४ (चार लाख एकतीस हजार चार सय छयासी रुपैया र पैसा चौसट्ठी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• स्थलगत निरीक्षण प्रतिवेदनमा नापी किताबमा भन्दा बढी काम भएको देखिंएको।<br>• अनुसन्धानको प्राविधिक प्रतिवेदन भरपर्दो र विश्वसनीय देखिन नआएको।,<br>• Gabion Work तर्फ मेसिनबाट बनेको हुनुपर्नेमा हातले बनाएको भनी प्राविधिक प्रतिवेदनमा शुन्य मूल्याङ्कन गरिएको देखिएको।<br>• निर्माण भईसकेका पुलको स्टिल पार्ट्सको Galvanization कुन विधिबाट निर्धारण गरिएको भन्ने भएको नदेखिएको<br>• पुल निर्माण भई उद्देश्य अनुरुप नै सञ्चालनमा रहेको तथ्य प्रतिवेदन मै उल्लेख भएको अवस्थामा पछि नापजाँच गर्दा माटो खन्ने पुर्ने PCC work आदि कामको नापी गरिएको आधार उल्लेख नगरी फरक भएको भनी दिएको प्रतिवेदन विश्वासयोग्य देखिन नआएको । | • प्रजिल्ला बाजुरा त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोला ट्रस पुल निर्माणको लागि आ.ब. २०७४।०७५ र २०७५।०७६ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने गरी किम्नी खोला ट्रस पुल निर्माण उपभोक्ता समिति गठन भएकोमा उक्त योजनाको काम तोकिएको गुणस्तर बमोजिम नभएको, ग्याविन बक्स कार्य निर्धारित गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी स्वीकृत दिने कार्य गरेको, Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works, Steel Parts and Cement L.S. Transportation को कम काम भएकोमा नापी किताबमा बढी परिमाण भएको भनी चढाईएको, मनासिव कारण बिना निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार परिवर्तन गर्ने, निर्धारित सर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गर्ने, गराउने र त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित/स्वीकृत गरी झुट्टा नापी सम्बन्धी बिल बनाई भुक्तानी लिने/दिने कार्यमा सिफारिस गर्ने, ढुवानी कार्यको लागि तयार भएको किम्नी खोला ट्रस पुलको थप लागत अनुमानमा स्टील ट्रसको अस्वाभाविक परिमाण राखी पुष्ट्याईंको आधार बिना अस्वाभाविक किसिमबाट बढी लागत अनुमान तयार गरी जम्मा रु.४,३१,४८६।६४ (अक्षरेपि चार लाख एकतीस हजार चार सय छयासी रुपैयाँ चौसट्ठी पैसा) बराबर रकम बढी भुक्तानी दिए लिएको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरि बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधी २०७८ को दफा २३(३)(ग) बमोजिम आयोगको कार्यालय, कंचनपुरका इन्जिनियर रामाशिष साहले त्रिवेणी नगरपालिकाका तत्कालीन इन्जिनियर प्रतिवादी नविन साउद, असिस्टेन्ट सब इन्जिनियर प्रतिवादी राजेन्द्र बहादुर साउद र उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी जंग बहादुर बुढाको रोहवरमा मिति २०७६।०६।०४ गते स्थलगत नाँपजाँच सहितको मुचुल्का खडा गरि पेश गर्नु भएको स्थलगत निरीक्षण प्रतिवेदन र प्रतिवेदकले गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्नेमा उक्त स्थलगत निरीक्षण प्रतिवेदन (Spot Inspection Report) लाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई दिने ठहर गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>• आ.ब. २०७४।०७५ र २०७५।०७६ मा जिल्ला बाजुरा, त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोलामा किम्नी खोला ट्रस पुल निर्माण कार्यको स्थलगत निरिक्षणको क्रममा आयोगको कार्यालय, कन्चनपुरका इन्जिनियर रामाशिष साहले मिति २०७६।०६।१० गते पेश गरेको प्राविधिक प्रतिवेदन समेतबाट निर्माणस्थलमा Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works, Steel Parts and Cement L.S. Transportation को वास्तविक फिल्डमा भएको कार्य तथा लगानी भन्दा नापी किताबमा रु.३,५३,९२८।१२ बढी चढाई झुट्टा बिल बनाई भुक्तानी दिने कार्यमा सिफारिस गरेको देखिन्छ। उक्त पुल निर्माण सामाग्रीहरुको ढुवानी कार्यको लागि तयार भएको किम्नी खोला ट्रस पुल आयोजनाको लागि थप लागत अनुमानमा स्टील ट्रसको परिमाण २२२६.१५ के.जि. हुनुपर्नेमा अस्वाभाविक रुपमा परिमाण बढाई ८००० के.जि. परिमाण लागत अनुमान देखाई रकम भुक्तानीका लागि बिल बनाएको एवं सिफारिस भएको समेत देखिन्छ। प्रतिवादीहरु त्रिवेणी नगरपालिका नगरकार्यपालिकाको कार्यालयका तत्कालीन इन्जिनियर प्रतिवादी नविन साउद, सब इन्जिनियर प्रतिवादी राजेन्द्र बहादुर वि.क.र असिन्टेन्ट सब इन्जिनियर प्रतिवादी राजेन्द्र बहादुर साउदले उक्त कार्य पुष्ट्याइँको आधार बिना अस्वाभाविक किसिमबाट बढी लागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी प्रतिवादीहरूबाट बिगो समेत असुल उपर हुनका साथै, सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना समेतको सजाय हुन; **प्रतिवादी त्रिवेणी नगर कार्यपालिकाको कार्यालयका तत्कालीन असिन्टेन्ट सब इन्जिनियर राजेन्द्र बहादुर साउदको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीलाई बिगो रु.४,३१,४८६।६४ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो समेत असुल उपर हुनका साथै प्रतिवादी राजेन्द्र बहादुर साउदले आफैले/कार्यालयबाट तयार गरेको/भएको लागत अनुमान प्रतिकूल हुने गरी गलत फिल्ड अनुगमन गरी प्रतिवादीहरु राजेन्द्र बहादुर वि.क र नविन साउदलाई उपलब्ध गराएको नापी/प्रतिवेदनको आधारमा नापी किताब, योजना सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन तयार भई सोही प्रतिवेदनको आधारमा भुक्तानीको लागि सिफारिस समेत गरे गराएको देखिदा निज प्रतिवादी राजेन्द्र बहादुर साउदको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना समेतको सजाय हुन; **प्रतिवादी त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत तीर्थराज थापामगरको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग), र (ङ) बमोजिमको कसुरहरुमा बिगो रु.२,०६,९३५.८१ (अक्षरेपि दुई लाख छ हजार नौ सय पैंतीस रुपैंया र पैसा एकासी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी निज प्रतिवादीबाट बिगो समेत असुल उपर हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना समेतको सजाय हुन; **प्रतिवादी त्रिवेणी नगर कार्यपालिकाको कार्यालयका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत खगेन्द्र साउदको हकमा** | | देखाएको र भुक्तानी गर्दा समेत सोही बमोजिम गरी झुट्टा बिल बनाई भुक्तानी दिने कार्यमा सिफारिस गरेको, यसैगरी ग्याविन इष्टिमेटमा Machine Made रहेकोमा फिल्डमा Man Made र Mesh Size नमिलेको तथ्य स्थलगत मुचुल्का एवं प्रतिवेदनबाट स्पष्ट देखिन्छ। गुणस्तरहीन ग्याविन जाली प्रयोग भएको जानी जानी निर्धारित गुणस्तरको हो भनी स्वीकृत दिने कार्य गरी नापी किताबमा चढाएको र मनासिव कारण बिना निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार परिवर्तन गर्ने, निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गर्ने, गराउने र त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी फिल्डमा भएको वास्तविक कार्य भन्दा रु.३,५३,९२८।१२ मूल्यको बढी काम देखाई झुट्टा विल बनाइ भुक्तानी दिन सिफारिस गरेको र ग्याविन जाली निर्माण कार्यमा लागेको भनि देखाएको मुल्य रु.७७,५५८.५२ समेत गरी जम्मा विगो रु.४,३१,४८६।६४ (अक्षरेपि चार लाख एकतीस हजार चार सय छयासी रुपैंया र पैसा चौसट्ठी) बढी मूल्याङ्कन गरी सब इन्जिनियर यि प्रतिवादी राजेन्द्र बहादुर वि.क.ले नापी किताब, भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, असिस्टेन्ट सब इन्जिनियर प्रतिवादी राजेन्द्र बहादुर साउदले फिल्ड अनुगमन गरे अनुसार र आ.ब. २०७५।०७६ को अस्वाभाविक लागत अनुमान तयार गरी नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने, र इन्जिनियर प्रतिवादी नविन साउदले सो कागजातहरू चेकजाँच गर्ने समेतका कार्य गरि झुट्टा लागत अनुमान, नापी किताब, भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदनको चेकजाँच गर्ने महलमा हस्ताक्षर गरी स्वीकृतिको लागि सिफारिस गरी गराई यि प्रतिवादीहरु नविन साउद र राजेन्द्र बहादुर वि.क.ले त्रिवेणी नगरपालिकालाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने बद्नियतले रु.४,३१,४८६।६४ (अक्षरेपि चार लाख एकतीस हजार चार सय छयासी रुपैंया र पैसा चौसट्ठी) रकम उपभोक्ता समितिलाई बढी भुक्तानी गरे/गराएको तथ्य स्थापित भई रहेको अवस्थामा उक्त तथ्यको विश्लेषण नगरि यि प्रतिवादीहरु नविन साउद, राजेन्द्र बहादुर वि.क. र राजेन्द्र बहादुर साउदलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• **बाजुरा जिल्ला स्थित त्रिवेणी नगरपालिका तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रतिवादी तिर्थराज थापामगर**ले आ.ब. २०७४।०७५ मा जिल्ला बाजुरा, त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोलामा किम्नी खोला ट्रस पुल निर्माण कार्यमा Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works को वास्तविक कार्य भन्दा बढी नापी किताबमा रु.१,२९,३७७।२९ चढाई झुट्टा बिल बनाई भुक्तानी दिने कार्य तथा ग्याविन इष्टिमेटमा Machine Made रहेकोमा फिल्डमा Man Made र Mesh Size नमिलेको गुणस्तरहीन ग्याविन रु.७७,५५८।५२ प्रयोग भएकोमा सो कार्य गुणस्तरीय छ भनी सो कार्यको समेत नापी किताबमा चढाई जम्मा रु.२,०६,९३५.८१ बढी मूल्याङ्कन गरी प्रतिवादीहरू सब इन्जिनियर राजेन्द्र बहादुर वि.क. तथा इन्जिनियर नविन साउदले नापी किताब, भुक्तानी बिल तथा कार्य सम्पन्न प्रतिवेदनहरू क्रमशः पेस तथा चेकजाँच गर्ने महलमा हस्ताक्षर गरी स्वीकृति गरेको पुष्टि भएको अवस्था छ। यसै गरी सोही नगरपालिकाका तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रतिवादी खगेन्द्र साउदले आ.ब. २०७४।०७५ र २०७५।०७६ मा उक्त किम्नी खोला ट्रस पुल निर्माण कार्यको Steel Parts and Cement L.S. Transportation कार्यको इष्टिमेट तयार गर्दा आइटमवाइज परिमाण ननिकाली लमसममा तयार गरी सोको परिमाण अस्वाभाविक रु.२,२४,५५०।८३ बढी राखी प्रतिवादीहरू सब-इन्जिनियर राजेन्द्र बहादुर वि.क. तथा इन्जिनियर नविन साउदबाट तयार गरिएको लागत अनुमानलाई सदर गरी रु.२,२४,५५०।८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क) र (ङ) बमोजिमको कसुरमा निज प्रतिवादीलाई बिगो रु.२,२४,५५०।८३ कायम गरी सोही दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही उपदफा (२) बमोजिम कैद र जरिबाना समेतको सजाय हुन तथा **प्रतिवादीहरू किम्नी खोला ट्रस पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष जंग बहादुर बुढा, सचिव डम्म बहादुर बुढा र कोषाध्यक्ष तुली देवी बुढाको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा निज प्रतिवादीहरूलाई बिगो रु.४,३१,४८६।६४ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन भन्ने समेतको मागदावी | | (अक्षरेपि दुई लाख चौबीस हजार पाँच सय पचास रुपैंया र पैसा त्रियासी) बढीको लागत अनुमान सदर गरेको देखिन्छ। यसका साथै, निर्माणस्थलमा Steel Parts and Cement L.S. Transportation को वास्तविक कार्य भन्दा बढी नापी किताबमा चढाइ रु.२,२४,५५०।८३ बढी मूल्याङ्कन गरी गराई प्रतिवादीहरू सब इन्जिनियर राजेन्द्र बहादुर वि.क. तथा इन्जिनियर नविन साउदले झुट्टा गलत नापी किताब, भुक्तानी बिल तथा कार्य सम्पन्न प्रतिवेदनहरू क्रमशः पेस तथा चेकजाँच गर्ने महलमा हस्ताक्षर गरी स्वीकृतिको लागि पेश गरेको कुरा जानी जानी बद्नियतपूर्वक यी प्रतिवादी नि. प्रमुख प्रशासकीय अधिकृत खगेन्द्र साउदले खुद भएको कामको परिमाण भन्दा बढी परिमाण देखाई तयार गरेको झुट्टा नापी किताब, झुट्टा भुक्तानी बिल र झुट्टा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्ने महलमा हस्ताक्षर सहित प्रमाणित गरेको देखिन्छ। उक्त ट्रस पुल निर्माण गर्ने योजनाको प्रारम्भ देखि अन्तिम भुक्तानी सम्मको विभिन्न काममा जिम्मेवारी (Duty and Obligation) तोकिएको राष्ट्रसेवक प्रतिवादीहरु तिर्थराज थापामगर र खजेन्द्र साउदले Public Trust Doctrine अनुसार पदको दुरुपयोग नगरी जनहित, पारदर्शिता र उत्तरदायीपूर्ण तरिकाले कार्य गर्नुपर्नेमा नापजाँच गर्दा विवरण उल्लेख गरेको छ छैन सोको Cross Checking गरी अन्तिम भुक्तानी दिने दायित्व यि प्रतिवादीहरुमा रहेकोमा Doctrine of Conspiracy को सिद्धान्त अनुसार प्रत्यक्ष प्राविधिक भूमिका नभएपनि भ्रष्टाचारजन्य कार्यमा योजना मिलेमतो गरी Failure to do one's duty of obligation पनि Corruption को सुक्ष्मरुपमा भएकोले उक्त योजनामा गुणस्तरयुक्त र मापदण्ड बमोजिम भनी प्रमाणित एवम् स्वीकृत गरी नापी किताबमा उल्लेख भए अनुसारको काम सम्पन्न नभएको तथ्य स-प्रमाण पुष्टि भई रहेको अवस्थामा Pyramid Structure मा निर्णयमा संलग्न रहेको यी प्रतिवादीहरुको कसूरजन्य कार्यको विश्लेषण नगरि आरोप दाविवाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br>• किम्नी खोला ट्रस पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष जंग बहादुर बुढा, सचिव डम्म बहादुर बुढा र कोषाध्यक्ष तुली देवी बुढा समेतले आ.ब. २०७४।०७५ र २०७५।०७६ मा जिल्ला बाजुरा, त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोलामा किम्नी खोला ट्रस पुल निर्माण कार्यको लागि नगरपालिकासँग सम्झौता गरी सो निर्माण कार्य सम्बन्धी कारोबारको लागि अध्यक्ष जंग बहादुर बुढा, सचिव डम्म बहादुर बुढा र कोषाध्यक्ष तुली देवी बुढाको संयुक्त दस्तखतबाट कारोबार हुने गरी बैंक खाता सञ्चालन गर्ने भनी मिति २०७५।१२।०३ गते निर्णय भए गरेको देखिएको, निर्माणस्थलमा Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works, Steel Parts and Cement L.S. Transportation को कार्य वास्तविक गरेको कार्य भन्दा बढी भए गरेको भनी रु.३,५३,९२८।१२ तथा ग्याविन इष्टिमेट अनुसार Machine Made हुनुपर्नेमा फिल्डमा Man Made र Mesh Size नमिलेको स्पष्ट देखिदा देखिदै गुणस्तरहीन ग्याविन रु.७७,५५८।५२ प्रयोग गरी सम्झौता गरेको बखत स्वीकार गरेको शर्त उल्लंघन गरी सम्झौताका शर्तहरू पालना नगरी सरकारी रकमबाट लाभ लिने उद्देश्यले मापदण्ड विपरीत झुट्टा बिल भरपाईका आधारमा भुक्तानी लिने क्रममा फिल्डमा गरेको कार्यहरूमा भन्दा नापी किताबमा Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works, Steel Parts and Cement L.S. Transportation आईटमहरूको प्राविधिकहरूलाई बढी परिमाण चढाउन लगाई रु.३,५३,९२८।१२ तथा रु.७७,५५८।५२ बराबरको गुणस्तरहीन ग्याविन जाली प्रयोग गरी प्रतिवादीहरु जंग बहादुर बुढा, डम्म बहादुर बुढा र तुली देवी बुढाले आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र त्रिवेणी नगरपालिकालाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बद्नियतले जम्मा रु.४,३१,४८६।६४ (अक्षरेपि चार लाख एकतीस हजार चार सय छयासी रुपैंया र पैसा चौसट्ठी) रकम बढी भुक्तानी लिएको देखिदा देखिंदै यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>• उक्त पुलको नगरपालिकाको मूल्याङ्कनसँग तुलना गर्दा कुल मूल्याङ्कनमा रु. ४,३१,४८६।६४ (अक्षरेपि चार लाख एकतीस हजार चार सय छयासी रुपैंया र पैसा चौसट्ठी) को बढी भुक्तानी भएको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कन्चनपुरका इन्जिनियर रामाशिष साहको प्रतिवेदनबाट देखिन्छ। उक्त बढी भुक्तानी भएको रकमको विस्तृत विश्लेषण आरोपपत्रको पृष्ठ ६ मा रहेको तालिका नं. १ मा उल्लेख गरिएको छ। यसबाट फिल्डमा रु.४,३१,४८६।६४ रकम बराबरको कार्य फिल्डमा नभए नगरी बढी रकम भुक्तानी गरे गराएको देखिन्छ। उक्त तुलनात्मक मूल्यांकनमा आ.ब. २०७४।०७५ को मूल्यांकनमा Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works को आइटमहरुमा बढी नापी चढाइएको रु.१,२९,३७७।२९, बाजुरा जिल्लाको आ.व. २०७४।०७५ को जिल्ला दररेटमा रहेको Machine Made Gabion अनुसारको रेट इष्टिमेटमा रहेकोमा फिल्डमा Man Made र Mesh Size नमिलेको गुणस्तरहीन ग्याविनको रु.७७,५५८।५२ समेत नापी किताबमा चढाइएको र आ.ब. २०७५।०७६ मा ढुवानी कार्यको लागि तयार भएको किम्नी खोला ट्रस पुलको थप लागत अनुमानमा स्टील ट्रसको परिमाण २२२६.१५ के.जि. हुनुपर्नेमा ८००० के.जि.को अस्वाभाविक परिमाण राखी लागत अनुमान तयार गरी सोही बमोजिम मूल्यांकन भई Steel Parts and Cement L.S. Transportation को वास्तविक कार्य भन्दा ईष्टिमेट र नापी किताबमा रु.२,२४,५५०।८३ बढी चढाएको देखिन्छ। यसैगरी, उक्त स्थलगत मुचुल्का तथा प्रतिवेदनलाई प्रतिवेदक रामाशिष साहले अदालत समक्ष वकपत्रबाट समर्थित भएको अवस्थामा उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>• **अतः** माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरु तीर्थराज थापामगर, खगेन्द्र साउद, नविन साउद, राजेन्द्र बहादुर वि.क., राजेन्द्र बहादुर साउद, जंग बहादुर बुढा, डम्म बहादुर बुढा र तुली देवी बुढालाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने ठहर गरी विशेष अदालतवाट भएको फैसला त्रुटिपुर्ण देखिदा उक्त फैसला बदर गरि उपरोक्त प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |